# साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड

(साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. र आरएमडीसी लघुवित्त वित्तीय संस्था लि. एक आपसमा गाभिएको)

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौँ, फोन नं.०१-५३२०९१३, Website : www.skbbl.com.np

## २२ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मिति २०८०/९/१८ गते)

यस वित्तीय संस्थाको मिति २०८० पौष ४ गते बसेको सञ्चालक समितिको २३ औं बैठकको निर्णयानुसार संस्थाको २२ औं वार्षिक साधारणसभामा देहायका विषयहरु उपर छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयर धनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

**सभा बस्ने मिति, समय र स्थान**

मिति : २०८० पौष २९ गते (January 14, 2024) आइतबार

समय : बिहान ११:०० बजे ।

स्थान : कृषि विकास बैंक लि. केन्द्रीय तालिम प्रतिष्ठान, बोडे, भक्तपुर ।

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्ताव :**

१. सञ्चालक समितिको तर्फबाट प्रस्तुत आ.व. २०७९/८० को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्तको वासलात, आ.व. २०७९/८० को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तीय विवरणसँग सम्बद्ध अनुसूचीहरु समेत छलफल गरी पारित गर्ने ।

३. सञ्चालक समितिले प्रस्ताव गरे अनुसार २०८० आषाढ मसान्तमा कायम रहेको चुक्ता पुँजी रु. ३,३३,१६,१८,२०४।४४ को ०.७५% ले हुने रकम रु. २,४९,८७,१३६।५३३ नगद लाभांश (लाभांश कर प्रयोजनको लागि) पारित गर्ने ।

४. लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षण गर्न बाह्य लेखापरीक्षक नियुक्ती र निजको पारिश्रमिक निर्धारण गर्ने ।

५. संस्थापक शेयरधनी समूहबाट ४ र सर्वसाधारण शेयरधनी समूहबाट २ जना समेत गरी जम्मा ६ जना सञ्चालकको निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्ताव :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम रहेको चुक्ता पुँजी रु. ३,३३,१६,१८,२०४।४४ को १४.२५% ले हुने रकम रु. ४७,४७,५५,५९४।१३३ बराबरको बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने । उक्त अनुपातमा बोनस शेयर जारी गर्दा हुन आउने भिन्न अङ्क (fraction) लाई पहिलेको भिन्न अङ्कसँग समायोजन गरी बाँकी हुन आउने भिन्न अङ्कलाई पछि समायोजन गर्ने गरी यथावत राख्ने ।

२. यस संस्थाको प्रबन्धपत्र र नियमावलीमा संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने तथा उक्त संशोधनमा नेपाल राष्ट्र बैंक वा अन्य नियमनकारी निकायले फेरबदल गरेमा आवश्यक संशोधन तथा परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी दिन स्वीकृत गर्ने ।

३. आ.व. २०७९/८० मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएको वित्तीय विवरणको अनुसूची ४.३५.१ (Office Administration Expenses) मा उल्लिखित खर्च रु. १३,२०,१८३।७९ कम्पनी ऐन, २०६३ को दफा १०५(१)(ग) को प्रयोजनका लागि अनुमोदन गर्ने ।

४. साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. र अन्य उपयुक्त लघुवित्त वित्तीय संस्था (हरु) एक आपसमा गाभ्न/गाभिन (मर्जर गर्न वा प्राप्ती (एक्विजिसन) गर्न उपयुक्त देखिएमा उपयुक्त लघुवित्त वित्तीय संस्थाको पहिचान र छनौट गर्ने, समझदारीपत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने, सोको आधारमा सैद्धान्तिक स्वीकृतिको लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, आवश्यकता अनुसार चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कनका लागि मूल्याङ्कनकर्ता नियुक्त गर्ने, निजहरुको पारिश्रमिक तोक्ने तथा मर्जरसँग सम्बन्धित प्रचलित कानून तथा निर्देशनहरु बमेजिम अपनाउनुपर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य, प्रकृयाहरु पुरा गरी अख्तियार प्राप्त निकायबाट अन्तिम स्वीकृति लिने तथा सो सन्दर्भमा नियामक निकायहरुबाट निर्देशन गरे बमोजिमका विवरण उपलब्ध गराउने लगायतका कार्य गर्न गराउन आवश्यक सम्पूर्ण कार्यहरु अगाडि बढाउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

५. प्रबन्धपत्र र नियमावली संशोधन सम्बन्धमा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड तथा अन्य नियामक निकायबाट स्वीकृत गराउनको लागि आवश्यकता अनुसार सोमा थपघट परिमार्जन, संशोधन तथा सच्याउनको लागि निर्देशन अनुसार गर्नुपर्ने सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी दिने ।

**(ग) विविध ।**

सञ्चालक समितिको आज्ञाले,

**कम्पनी सचिव,**

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

**नोट :** वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी र कम्पनी ऐन, २०६३ को दफा ८४ बमोजिम साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को संक्षिप्त वार्षिक आर्थिक विवरण मिति २०८०/९/५ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित सूचनामा उल्लेख गरिएको छ । वार्षिक साधारण सभा सम्बन्धी सूचना www.skbbl.com.np को वेवसाइटमा हेर्न सकिनेछ ।